# आ.व. २०७९/०८० को बार्षिक वजेट तथा कार्यक्रम

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**महाकाली नगरपालिकाको आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम**

यस गरिमामय १०औं नगर सभा अधिवेशनको अध्यक्षता गरिरहनु भएका नगर प्रमुखज्यू, नौ वटै वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभा सदस्यज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

**नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बमोजिम** महाकाली नगरपालिकाको उप प्रमुखको हैसियतले अगामी आर्थिक वर्ष २०७९।०८० को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेट **"समृद्ध महाकाली सुखी महाकाली बासी" को** दीगो आकांक्षा प्राप्तिको गन्तव्य तर्फको प्रथम बजेट हुनेछ।

यस अवसरमा म मुलुकको राष्ट्रियता, अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ति र समृद्धिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। मुलुकको लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा वीर पुर्खा तथा अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा वहाँहरूले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

आगामी आर्थिक वर्षको बजेट तर्जूमा गर्दा नगर सञ्चित कोषबाट, योजना तथा कार्यक्रम छनौट गर्दा आधारभूत स्वास्थ्यको सुनिश्चितता सहित कोरोना महामारी लागायतका विभिन्न विश्वव्यापी महामारीबाट जनताको जीउधनको सुरक्षा सुनिश्चिता गर्दै चुनावी प्रतिवद्धतालाई उच्च प्राथमिकतामा राखी स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने, स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने, लैंगिक समानता, सामाजिक समावेशीकरण अभिबृद्धि हुने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिने, सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, विपद व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउने, कृषि र पशुपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्ने उद्यमशीलता विकास र तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग र समूहको उत्थान एवं मूलप्रवाहीकरण योगदान पुऱ्याउने किसिमका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखि आवश्यक बजेट विनियोजन गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरू,**

नगरपालिकाको आम्दानीको स्रोतमा संघ र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष तथा अन्य अनुदान र राजस्व एवं सवारी साधन कर बाँडफाँड बापत प्राप्त हुने रकमका साथै नगरपालिकाको आन्तरिक आय तथा विभिन्न श्रोतबाट नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम र अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त रकम मूख्य हुन। उपर्युक्त स्रोतहरूको मितव्ययी र उचित बाँडफाँड तथा विनियोजन गरी महाकाली नगरपालिकाको सर्वाङ्गीण क्षेत्रको विकासलाई समेट्ने प्रयास गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०७९।०८० को वार्षिक बजेट तथा कार्यक्रमको सोच, लक्ष्य र उदेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**<u>सोच, लक्ष्य, उद्देश्य</u>**

**सोचः** समृद्ध महाकाली सुखी महाकाली बासी ।

**लक्ष्यः** दीगो शान्ति विकास सुशासन र सेवा प्रवाहको माध्यमबाट समुन्नत सुखी र समृद्ध महाकाली निर्माण गर्ने ।

**उद्देश्यहरूः**

१. कृषिलाई व्यवसायीकरण तथा विविधीकरणबाट कृषि उत्पादन र उत्पादकत्व बढाउदै आर्थिक वृद्धि तथा रोजगारीका अवसर सिर्जना गर्ने ,
२. शैक्षिक पूर्वाधार तथा जनशक्तिको उचित व्यवस्थापन तथा परिचालन गरी माध्यमिक तह सम्म सर्वसुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्ने ,
३. महाकाली बासीको आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता गर्दै महामारी जन्य रोगबाट सुरक्षा तथा स्वस्थ र गुणस्तरीय जीवनको आधार निर्माण गर्ने ,
४. अत्यावश्यक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्दै विकासको गतिलाई निरन्तरता दिने ,
५. सामाजिक सुरक्षा तथा आर्थिक सहायताको माध्यमबाट समाजको असहाय, सीमान्तकृत तथा पछि पारिएको, आफ्नो जीवन निर्वाह स्वयं गर्न नसक्ने वर्गको संरक्षण र सशक्तीकरण गर्दै शासन विकास तथा सेवा प्रवाहमा मूल प्रवाहिकरण गर्ने ,
६. कर्मचारी तथा जनप्रतिनिधिहरूमा जवाफदेहिता र पारदर्शिताको संस्कार कायम गर्दै जनमैत्री शासन व्यवस्था संचालन गर्ने ,

<u>नगर सभाध्यक्षज्यू सदस्यज्यूहरु तथा उपस्थित राष्ट्रसेवक कर्मचारीहरु</u>

आर्थिक वर्ष २०७९।०८० को वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गर्दा अवलम्बन गरिएका मुख्य आधार तथा प्राथमिकताहरू प्रस्तुत गर्दैछुः

१. यस नगरपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार ।
२. नगरपालिकालाई खाद्यान्न र मासु र दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन योगदान पुर्याउने ।
३. आर्थिक विकास र गरिबी न्यूनीकरणका योगदान पुऱ्याउने ।
४. उत्पादनमूलक र शीघ्र प्रतिफल दिने ।
५. बेरोजगारी समस्या समाधानका लागि स्वरोजगार कार्यक्रम संचालन ।

६. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिबृद्धि हुने ।
७. छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
८. पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
९. नगरपालिकाको राजश्व संकलन अभिबृद्धि पुग्ने ।
१०.प्राकृतिक प्रकोप एवम् विपद व्यवस्थापनमा सहयोग पुग्ने ।
११.परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने ।
१२.वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने ।

**नगर सभाध्यक्षज्यू, नगर सभा सदस्यज्यू**

मैले यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका विद्यमान ऐन कानूनहरूको मर्म र भावना, नेपाल सरकारको नीति तथा कार्यक्रम र ०७९।८० को बार्षिक बजेट, चालु पन्ध्रौ योजना, दीगो विकास लक्ष्यहरु, निर्वाचनको घोषणापत्रमा गरिएका प्रतिवद्धता, विभिन्न विषयगत समिति तथा राजश्व परामर्श समितिका निर्णयहरू, कार्यपालिका सदस्यज्यू हरुको सुझाव विभिन्न राजनीतिक दल संघ संस्था, विभिन्न क्षेत्रमा कार्यरत विज्ञ, नागरिक समाज, बुद्धिजीवी, कर्मचारी, आम महाकाली बासी जनता समेतबाट प्राप्त रचनात्मक सुझाव प्रमुख मार्गदर्शनको रूपमा लिएको छु ।
**आदरणीय नगरसभा सदस्यज्यूहरू,** आम महाकाली बासी जनताबाट विभिन्न वडाको वस्तिस्तरीय भेला मार्फत सङ्कलित सबै माग र आवश्यकता लाई यसै बजेटबाट सम्बोधन गर्न नसकिएता पनि उपलब्ध सीमित स्रोत साधन को दायरा भित्र रहि प्राथमिकताका आधारमा यस महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रम देहाय अनुसार अनुमान गरेको हुँदा यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**
अव म चालु आर्थिक वर्ष २०७८।७९ को हालसम्मको आम्दानी तथा खर्चको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**आम्दानी तर्फ**

- चालु आर्थिक वर्ष २०७८।०७९ मा १ करोड ८५ लाख राजश्व संकलन हुने अनुमान गरिएकोमा हालसम्म ५८ लाख राजश्व रकम मात्र संकलन भएको छ ।

**खर्च तर्फ**

- आर्थिक वर्ष २०७८।०७९ मा हालसम्म चालु तर्फ कुल बजेट ४१ करोड ८१ लाख १८ हजार मध्ये ३१ करोड ९० लाख २३ हजार खर्च भई ७४% को हाराहारीमा खर्च भएको देखिन्छ ।

- पूँजीगत तर्फ भने कुल विनियोजित बजेट २० करोड ९९ लाख ५४ हजार मध्ये केवल १० करोड ३६ लाख ५८ हजार मात्र खर्च भई ४९% खर्च भएको छ ।

**आदरणीय नगरसभा अध्यक्षज्यू, सदस्यज्यूहरू,**

अब आर्थिक वर्ष २०७९।८० को अनुमानित आय तथा व्ययको विवरण यस गरिमामय सभा समक्ष पेस गर्ने अनुमति चाहन्छु ।

**आर्यतर्फ**

आगामी आर्थिक वर्ष २०७९।८० सहित तीन आर्थिक वर्षमा आय तर्फ विभिन्न स्रोतबाट तपसील अनुसारको रकम प्राप्त हुने अनुमान गरिएको छ ।

**तपसील**

| क्र.सं. | विवरण | २०७९/८० को अनुमान | २०८०/८१ को अनुमान | २०८१/८२ को अनुमान |
|---|---|---|---|---|
| १ | संघीय वित्तिय समानिकरण अनुदान रकम | १४७५००.० | १६२२५०.० | १७८४७५.० |
| २ | संघीय राजश्व बाँडफाँड रकम | ८७५९७.०० | ९६३५६.७ | १०५९९२.४ |
| ३ | संघीय सशर्त अनुदान रकम | २७४३००.० | ३०१७३०.० | ३३१९०३.० |
| ४ | प्रदेश वित्तिय समानिकरण अनुदान रकम | १०८४६.० | ११९३०.६ | १३१२३.७ |
| ५ | प्रदेश सवारी साधन कर तथा राजस्व बाँडफाँट रकम | १८०६.० | १९८६.६ | २१८५.३ |
| ७ | प्रदेश सशर्त अनुदान रकम | ०.० | ०.० | ०.० |
| ८ | **संघीय बिशेष अनुदान रकम** | २००००.० | २२०००.० | २४२००.० |
| | नगर क्षेत्र भित्र खानेपानी तथा सिंचाइ आयोजना १०००० | | ०.० | ०.० |
| | चुक्याडी झुष्कु बडालिगाउँ असिगडा पन्तनगर पहिरो नियन्त्रण १०००० | | ० | ० |
| ९ | प्रदेश बिशेष अनुदान रकम | २५००.० | | |
| १० | **संघीय समपुरक अनुदान रकम** | १४०००.० | १५४००.० | १६९४०.० |
| | धाप बृहत सिंचाइ आयोजना ७००० | | | |
| | नगर क्षेत्र भित्र सडक स्तरोन्नती | | | |

| | | | | |
|---|---|---|---|---|
| | आयोजना ७००० | | | |
| ११ | प्रदेश समपुरक अनुदान रकम | ७४००.० | ८१४०.० | ८९५४.० |
| १२ | सडक बोर्ड अनुदान | ४०००.० | | |
| १३ | उच्च हिमाली पहाडी कार्यक्रम अनुदान | | | |
| १४ | सामाजिक सुरक्षा अनुदान | ६००००.० | ६६००० | ७२६०० |
| १५ | आन्तिरक आय | ११२६०.० | १२३८६ | १३६२४.६ |
| १६ | धरौटी | १३०४६.० | १४३५०.६ | १५७८५.६६ |
| **कुल जम्मा** | | ६५४२५५.० | ७१२५३०.५ | ७८३७८३.५५ |

**<u>व्यय तर्फ</u>**

व्यय तर्फ आर्थिक वर्ष २०७९।०८० को लागि तपसील अनुसारको शीर्षकमा निम्नअनुसारको खर्च हुने अनुमान गरिएको छ:

| सि.नं. | खर्च शीर्षक | अनुमानित रकम रु. |
|---|---|---|
| १ | चालु खर्च अनुमान | ४९ करोड ६४ लाख २ हजार |
| २ | पूँजीगत खर्च अनुमान | १४ करोड ४८ लाख ७ हजार |
| ३ | वित्तीय खर्च अनुमान | १ करोड ३० लाख ४६ हजार |
| | कुल | ६५ करोड ४२ लाख ५५ हजार |

**<u>आदरणीय नगरसभा अध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरु</u>**

माथि उल्लिखित चालु, पूँजीगत तथा वित्तीय खर्च शीर्षकहरुमा तपसिलका विषयगत क्षेत्रअन्तरगत देहाय अनुसार खर्च अनुमान गरिएको छ:

१. **गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाः समृद्ध महाकाली निर्माणमा टेवा** भन्ने मुल आशयका साथ आगामी आर्थिक वर्षमा महाकाली नगरपालिकाको स्वास्थ्य क्षेत्रको लागि समानीकरण अनुदान तर्फ रु ९४७००००० (चौरानब्बे लाख सत्तरी हजार) तथा सशर्त अनुदान तर्फ ३ करोड १ लाख सहित जम्मा ३ करोड ९५ लाख ७० हजार विनियोजन गरिएको छ। यसभित्र तपसिलका मुख्य उपशीर्षकहरू मा निम्न अनुसारको बजेट छुट्याएको छ:

   १) आधारभूत स्वास्थ्य सुविधाबाट बञ्चित रहेको म.न.पा. १ कोटमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

   २) महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन खर्च प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिदै आवश्यक वजेट विनियोजन गरेको छु ।

३) वर्थिङ सेन्टरमा कार्यरत अनमी हरुलाई प्रोत्साहन खर्च प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छु ।
४) धाप स्वास्थ्य चौकीमा ल्यावको स्थापना गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु।
५) कुपोषित बालबालिका पत्ता लगाई उपचारको लागि आवश्यक बजेट छुट्याएको छु ।
६) बैतडी प्लस संस्था सँग समन्वय गरी एच आइ भी को परीक्षण परामर्श तथा जनचेतनाको लागि ५ लाख रकम विनियोजन गरेको छु ।
७) विद्यालयमा प्राचीन चिकित्सा विद्याको रुपमा रहेको आयुर्वेद तथा योग शिक्षा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
८) स्वास्थ्य संस्थाको सुदृढीकरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
९) संघीय ससर्त अनुदानबाट स्वास्थ्य क्षेत्रको सुधार तथा संचालनका लागि ३ करोड १ लाख खर्च अनुमान गरिएको छ ।

२. **सीपमूलक व्यवसायिक र सर्वसुलभ गुणस्तरीय शिक्षा हाम्रो आवश्यकता** भन्ने मूल मन्त्रलाई अखितयार गर्दै आगामी आर्थिक वर्षमा महाकाली नगरपालिकाको शिक्षा क्षेत्रको लागि समानीकरण तर्फ रु २३९०२००० (दुई करोड उनन्चालीस लाख दुई हजार) र ससर्त अनुदान तर्फ रु २० करोड ३० लाख गरी जम्मा रु २३ करोड ६९ लाख २ हजार विनियोजन गरिएको छ । यसभित्र तपसिलका मुख्य उपशीर्षकहरूमा देहायको बजेट विनियोजन गरेको छुः

१) विद्यालय सुदृढीकरणका लागि शैक्षिक तथा भौतिक व्यवस्थापन अन्तरगतका विभिन्न क्षेत्रहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।
२) नागरिकलाई अध्ययनशील र सिर्जनशील बनाउदै सभ्य समाजको निर्माणमा टेवा पुर्याउने उदेश्यले सामुदायिक अध्ययन केन्द्र स्थापनाको लागि रु १० लाख विनियोजन गरेको छु।
३) वाल विकास सहजकर्ता तथा विद्यालय शिक्षक कर्मचारीहरुको सेवा सुविधाको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।
४) उच्च शिक्षा अध्ययनमा जेहेन्दार विपन्न परिवारका विद्यार्थीलाई नगरभित्र संचालित क्याम्पसहरु सँग समन्वय गरि छात्रवृति उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
५) नगरपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत ६० वर्ष उमेर पुगेका विद्यालय कर्मचारीहरु लाई सेवानिवृत्त गर्न गोल्डेन ह्यान्डसेक योजनामा आवश्यक वजेट विनियोजन गरेको छु ।
६) नगरस्तरीय खेलकुद प्रतियोगिता संचालनको लागि ६ लाख बजेट व्यवस्था गरेको छु ।
७) स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यक्रम लागू गर्नको लागि ७ लाख ५० हजार बजेटको व्यवस्था गरेको छु ।

८) संघीय सशर्त अनुदान बाट शैक्षिक क्षेत्रको विकास तथा सुदृढीकरणका लागि रु २० करोड ३० लाख बजेट अनुमान गरिएको छ ।

३. ज्येष्ठ नागरिक महिला बालबालिका तथा समाजिक सुरक्षा कार्यक्रम अन्तरगत आगामी आर्थिक वर्षमा रु ६५५००००। (पैंसठ्ठी लाख पचास हजार) विनियोजन गरिएको छ । यसभित्र तपसिलका मुख्य उपशीर्षकहरू रहेकाछन:

१) ग वर्गको परिचय पत्र प्राप्त अपाङ्गता भएका व्यक्तिहरूलाई वार्षिक रुपमा रु ५०००। प्रति व्यक्ति सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँन आवश्यक बजेट व्यवस्था गरेको छ ।

२) एकल पुरुष लाई बार्षिक रुपमा रु ५०००। सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३) आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरी कडा किसिमको रोगबाट ग्रसित जनता, विभिन्न जोखिमहरूबाट प्रभावित नगरवासीलाई आवश्यक आर्थिक सहायता उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४) **ज्येष्ठ आमा बुबा, महिला तथा बालबालिका माँझ नगर उपप्रमुख** कार्यक्रम मार्फत ज्येष्ठ आमा बुबाको हेरचाह, सुत्केरी महिला स्याहार, महिला सशक्तिकरण, महिला हिंसा न्यूनीकरण, बालबालिकाको संरक्षण लगायतका क्षेत्रमा कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५) बालबालिकाहरूमा बढ्दै गएको दुर्व्यसनको समस्यालाई न्यूनीकरणको लागि कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६) **टुहुरा बालबालिकाको अभिभावक नगरप्रमुख कार्यक्रम** अन्तरगत टुहुरा बालबालिकाको शैक्षिक व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४. **व्यावसायिक र आधुनिक कृषिः नगर विकास को आधार** भन्ने मूल नाराका साथ आर्थिक वर्ष २०७९।८० को लागि वित्तीय समानीकरण तर्फ कृषि तथा पशुपंक्षी क्षेत्रमा १३५१००००। (एक करोड पैंतीस लाख दश हजार) तथा सशर्त अनुदान तर्फ ८२ लाख गरी जम्मा २ करोड १७ लाख १० हजार विनियोजन गरेको छु । जस अन्तरगत :

१) तरकारीको बीउबिजन वितरण तथा वालि संरक्षण सेवा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२) पशु स्वास्थ्य अन्तरगत औषधि उपचारको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३) व्यवसायिक मत्स्यपालन, पशुपालन, कुखुरा पालन तथा बाख्रापालन व्यवसाय संचालनका लागि ८५ लाख बजेट विनियोजन गरेको छु।

४) संघीय ससर्त अनुदान तर्फ कृषि तथा पशु क्षेत्रको विकासका लागि रु ८२ लाख खर्च अनुमान गरेको छु ।

५) महाकाली नगरपालिकाको वडा नम्वर ७/८ मा ड्रयागन खेतीको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

६) महाकाली नगरपालिका वडा नम्वर २ मा किवि खेती प्रवर्द्धनको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

५. सुपथ मूल्य पसलको संचालन तथा व्यवस्थापनको लागि ५१ लाख ५० हजार बजेट बजेट विनियोजन गरेको छु ।

६. बेसाहारा आमा बुबाहरुको निशुल्क खाद्यान्न व्यवस्थापनको निमित्त ४४ लाख बजेट छुट्याएको छु।

७. तीनखम्बे अर्थनीति अन्तरगत सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि आवश्यक बजेट बजेट विनियोजन गरेको छु ।

८. धार्मिक सांस्कृतिक पुरातात्विक क्षेत्रको संरक्षण प्रवर्दन र मन्दिर निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

९. स्थानीय भाषा संस्कृति तथा पर्यटनको विकासका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

१०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत वित्तीय समानीकरण र ससर्त अनुदान सहित रु ६० लाख बजेट विनियोजन गरेको छु ।

११. **महाकाली समृद्धि कार्यक्रम** मार्फत नगरपालिकाको सर्वाङ्गीण विकासका निमित्त आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१२. पूर्वाधार विकास अन्तरगत आर्थिक वर्ष २०७९।८० मा कुल ८ करोड २ लाख १२ हजार बजेट तपसील अनुसार विनियोजन गरेको छुः

१) सडक तथा यातायात क्षेत्रको विस्तार तथा नियमित संचालनको लागि २ करोड ५८ लाख विनियोजन गरेको छु ।

२) नयाँ खेल मैदान तथा सडकको डीपीआर तयारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३) सडक, झोलुङ्गे पूल, खानेपानी लगायतका क्षेत्रको कार्यान्वयनका लागि समपूरक र ससर्त अनुदान तर्फ १ करोड ५५ लाख १२ हजार खर्च अनुमान गरेको छु ।

४) नगरको आफ्नै सुद्ध पिउने पानीको मिनरल उद्योग स्थापनाको लागि आवश्यक अध्ययन गर्न उचित बजेट विनियोजन गरेको छु ।

५) संघीय विशेष अनुदान तर्फ नगरक्षेत्र भित्रका खानेपानी पहिरो नियन्त्रण तथा सिचाई आयोजना कार्यान्वयन गर्न २ करोड बजेट खर्च अनुमान गरेको छु ।

६) संघीय सशर्त अनुदान अन्तरगत खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि ८३ लाख खर्च अनुमान गरेको छु ।

७) वडा स्तरीय योजना तथा कार्यक्रम कार्यान्वयनका लागि २ करोड ४४ लाख ९८ हजार बजेट व्यवस्था गरेको छ ।

८) नवीकरणीय ऊर्जा व्यवस्थापनका लागि सशर्त अनुदान तर्फ रु १० लाख बजेट खर्च अनुमान गरिएको छ ।

१३. **झिलिमिली महाकाली** अभियान अन्तरगत डुङ्ग्री विद्युतलाई नगर मातहत ल्याइ संचालनको लागि प्रक्रिया प्रारम्भ गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

१४. नगर विकास तथा विपद्, महामारी, सरसफाई तथा वातावरण संरक्षण, समाजिक परिचालन र स्थानीय विकास निर्माण लगायतका कार्यमा युवा परिचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१५. वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तरगत ९५ लाख विनियोजन गरेको छ ।

१६. भूमि सुधार अन्तरगत २८ लाख रकम देहाय अनुसार विनियोजन गरेको छः

१) स्थानीय भू-उपयोग परिषदबाट जग्गाको वर्गीकरण कार्यकालागि रु ५ लाख छुट्याएको छ।

२) घर नभएका दलित परिवारलाई एकपटक घर निर्माण कार्यक्रम उपलब्ध गराउनका लागि **सुरक्षित नागरिक आवास कार्यक्रममा** रु २३ लाख खर्च अनुमान गरिएको छ ।

१७. सशर्त अनुदान तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि आर्थिक वर्ष २०७९।०८० मा जम्मा रकम रु १ करोड २४ लाख खर्च अनुमान गरिएको छ।

१८. सुशासन तथा संस्थागत विकास तर्फ आर्थिक वर्ष २०७९।०८० का लागि ९ करोड ५८ लाख ३ हजार विनियोजन गरेको छ । जस अन्तरगतः

१) आवधिक योजना तथा नीति निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२) न्यायिक समिति संचालन तथा व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छ।

३) कार्यालय तथा जनशक्ति व्यवस्थापनको लागि यथेष्ट रकम व्यवस्था गरेको छ ।

४) पंजिकरण तथा घटना दर्ता कार्यक्रमलाई निरन्तर दिन आवश्यक बजेटको व्यवस्था गरेको छ ।

अन्त्यमा,

अन्त्यमा आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जूमा गर्ने चरणमा सहयोग पुर्याउनु हुने नगर प्रमुख, नगरकार्यपालिका सदस्य, नगर सभा सदस्यज्यूहरू, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जूमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारीज्यूहरू, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सक्रिय जनसमुदाय, निरन्तर सुझाव र सल्लाह प्रदान गर्ने राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्था नागरिक समाज, बुद्धिजिवी वर्ग, पत्रकार, लागायत बजेट निर्माण प्रकृयामा

अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारीहरु एवं बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागि भई अमूल्य सहयोग, सद्भाव सल्लाह दिनुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद
दुर्गा कुमारी खत्री बिष्ट
नगर उप प्रमुख

# अनुसूचीहरु

# अनुसूची- १